# ७ झगडालाई कसरी सम्हाल्ने

*यस अध्यायका मूल पदहरू:* हितोपदेश १७, १ कोरन्थी १३:५-७, यूहन्ना ८:१-११, हितोपदेश १८, हितोपदेश १९, व्यवस्था २४:१०-२२।

*स्मरण गर्नुपर्ने पद:* **"सधैं झगडा र कचकचले भरिएको घरमा भव्य खाना खानुभन्दा शान्तिसँग र शान्त वातावरण भएको घरमा सुकेको रोटीको टुक्रा खानु असल हो।" (हितोपदेश १७:१ रूपान्तरित)।**

**बाहिर हेरेको भरमा असल वा खराब छ भनेर मूल्याङ्कन नगर्नु भनेर हितोपदेशको पुस्तकले फेरि सतर्क गरेको गरेको छ।** संसारले दिने सबै कुराहरू हामीमा होला जस्तै धनसम्पत्ति, यश, शक्ति वा अख्तियार, आनन्द, लोकप्रियता आदि। तर प्रायजसो ती सबैको पछाडि तनाव, चिन्ता, पिडा, दुःखकष्ट लुकिएको हुन्छ। ती सबै दुःखकष्ट हुनुको मूल कारण धनसम्पत्ति कमाउन, आफ्नो भाऊ र मोजमज्जा खोज्न परिश्रम गरेकोले नै हुनसक्छ। इजिप्टको एक उखानले भन्छः "समस्यानै समस्या उब्जाएर धनी हुनुभन्दा बरू प्रशन्न हृदयले रोटी खानु उत्तम हुन्छ।"

हितोपदेशको पुस्तकको अनुसार हाम्रो निम्ति सबभन्दा महत्त्वपूर्ण कुरो के छ सो पहिचान गर्ने क्षमता हुनु नै झगडाको समस्याको समाधान गर्ने पहिलो कदम हो। शान्तिपूर्ण सम्बन्ध राख्नु धन कमाउनुभन्दा उत्तम छ भनेर हितोपदेश १७:१ले भन्दछ। हामीसँग कति छ त्यो त्यतिको महत्त्वपूर्ण छैन। तर हामीभित्र के छ सोचाहिं अत्यन्त महत्त्वपूर्ण हुन्छ। यदि हितोपदेश र अन्य पुस्तकहरूमा भएका सल्लाहहरूलाई आत्मसात् गर्न सक्यौं भने हामीमा भित्रिय शान्ति (हिब्रू भाषामा शलोम-shalom) हुन्छ र हामीहरूको जीवन अर्थमूलकको साथै आनन्दमय हुन्छ।

## १. पाप र साथीहरू (हितोपदेश १७:९)

**हितोपदेश १७:९ र १९:११मा एक महत्त्वपूर्ण तर्क प्रस्तुत गरेको छ। जब अरूहरू पतन भयो भने तिनीहरूप्रति हामीहरूको आचरण कस्तो हुनुपर्छ? "चित्त दुखाइलाई ढाकछोप गर्नेले प्रेम बढाउँछ, तर कुरा दोहोऱ्याउने जोसुकैले पनि घनिष्ठ मित्रहरूमा फाटो ल्याउँछ।" हितोपदेश १७:९, "मानिसको बुद्धिले त्यसलाई धैर्य दिन्छ, चित्त दुखाइका कुराप्रति आँखा चिम्लनु त्यसको निम्ति महिमा हो।"**

कोही मानिस तल गिऱ्यो वा आफ्नो जीवनलाई नैतिक आचरणबाट बर्बाद गऱ्यो भने उसको बारेमा हल्ला फिजाउनु सबैलाई सकसक लाग्छ। "त्यो मानिसले के गऱ्यो थाहा छ?" भनेर हामी आफै त्यसबाट झड्का भएको जस्तो गरेर अरूलाई सुनाउँछौं। तर अरूलाई अरूको बारेमा सुनाउँदा रमाइलो नै लागेको हुन्छ। त्यसको अर्थ हामीले अरुको बारेमा हल्ला वा गन्थन सुनाइरहेका हुन्छौं। त्यही कुरा नगर्न हामीलाई चेतावनी दिएको छ। अरूको बारेमा हल्ला फिजाउँदा नजिकका साथीहरूसँग शत्रुता हुनसक्छ। यदि तपाईंको साथीले केही गरेर उसको जीवनमा अप्रिय घट्नाको चङ्गुलमा परेर फस्दा अरूलाई उसको बारेमा फिजाउँदा तपाईं उसको कस्तो साथी होला?

हितोपदेशले भन्छ अरूको भूललाई बरू छोप्न खोज्नु। त्यसको अर्थ यो पनि होइन कि पापलाई लुकाएर केही नभएको वा कहिल्यै नभएको जस्तो गर भनेको होइन। छोपिएतापनि छोपिएको पाप अझै त्यहाँ हुन्छ। हिब्रू भाषामा छोप्नुको अर्थ विशेष अर्थ छ त्यो हो "क्षमा दिनु" (भजन ८५:२, नेहमिया ४:५)। कसैले गल्ती गरेको छ भने त्यसको जवाफ उसको खिलाफमा हल्ला फिजाएर होइन उसलाई प्रेम गरेर दिनुपर्छ।

**साथीलाई हामीले माया गऱ्यौं भने उसको भूलप्रति हामीहरूको प्रतिक्रिया कस्तो हुन्छ हेर्नुहोस् देहायका पदहरूः "एक मित्रले सधैं प्रेम गर्छ, दाजु-भाइचाहिँ दुःखको बेलाको लागि जन्मेको हुन्छ।"- हितोपदेश १७:१७, प्रेम सहनशील हुन्छ र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, न शेखी गर्छ। ५ प्रेम हठी वा रुखो हुँदैन न आफ्नो भाऊ खोज्छ । प्रेमले**

**आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन वा रुष्ट हुँदैन। ६ प्रेम अन्याय वा खराबीमा प्रसन्न हुँदैन, तर सत्य कुरामा रमाउँछ। ७ प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ।"- १ कोरन्थी १३:४-७ (रूपान्तरित)।**

तितो सत्य त यो छ कि आफ्नो जोडी वा साथी, आदर्श, सबै लक्षणहरूमा सिद्ध भएको वा दोषरहित भएकोले प्रेम गरेको हो। तिनीहरूले भूल गरेतापनि तिनीहरूलाई हामी प्रेम गरिरहन्छौं। प्रेमको खाष्टो हामीले ओढेकोले अरूहरूको मूल्याङ्कन वा आलोचना नगर्न हामी कोसिस गर्छौं वा सिक्छौं। हामी आफैमा कमीकमजोरीहरू छन् र कति भूल गर्छौं, हामी अरूभन्दा सिद्ध नभएकोले अरूको न्यायकर्ता बन्न हामी सक्षम् छैनौं। अरूलाई दोष लगाउँदा हामी पनि दोषी नै भएको हुनसक्छौं। त्यसकारण हामी जोडी वा साथी भएकोले हामीहरूको साथी वा जोडीले भूल गऱ्यो भने त्यसलाई सुधार्न सहयोग गर्छौं। यदि साथी वा जोडीले त्यस काममा सहयोग गरेन भने साथी वा जोडी हुनुको औचित्य के?

**कुनै समयमा तपाईंले धेरै गडबड गर्नुभयो तर तपाईंलाई क्षमा दिइयो, सम्झायो वा सहयोग गरियो रे! त्यो समयलाई सम्झनुहोस्। तपाईंलाई जसरी स्नेहपूर्वक व्यवहार गरियो त्यसरी नै अरूलाई पनि गर्नुपर्छ भन्ने कुरालाई तपाईंको अनुभवले कसरी बताउँछ?**

## २. जे न्यायसङ्गत वा ठिक छ त्यही गर्नु (हितोपदेश १७:१०)

परिपक्व प्रेम अन्धो हुँदैन। कसैको गल्तीलाई हामीले प्रेमद्वारा छोप्द त छोप्छौं। तर त्यसको अर्थ यो होइन कि हामीले पापलाई देख्दैनौं वा पापलाई पाप भन्दैनौं। प्रेम र न्यायिक आचरण सँगसँगै जान्छ। हिब्रू भाषमा न्यायिक आचरणलाई "सेदेक-tsediq"को अर्थ "प्रेम" "सदाशय" "परोपकारी" "दयालू र करुणामय" भनेर अर्थ लगाउँछ। यदि अरूप्रति न्यायोचित व्यवहार गरिएनौं भने हामीमा पक्का सदाशयीता वा करुणा भएको ठहरिन्दैन। यदि हामीमा प्रेम र करुणा

छैन भने पनि अरूलाई उचित वा न्यायपूर्वक व्यवहार गर्न सक्दैनौं। ती दुवै धारणहरू सँगसँगै जानुपर्छ।

उदाहरणमा हामी हेरौं: गरिबले अपराध गर्छ र उसलाई मुद्दा लगाउँछ भने "ए, त्यो मानिस गरीब हो, त्यसलाई त्यसै छोडिदिनु" भनेर सदाशयता देखाउनु न्यायसङ्गत देखिन्दैन (प्रस्थान २३:३)। यदि प्रेमले गरीबलाई सहयोग गर्न माग गर्छ भने तिनीहरू गरीब भएकैले अपराध गरेको छ भनेर त्यसै छोडिदिँदा तिनीहरूलाई पक्का प्रेम वा न्यायोचित व्यवहार गरेको देखाउँदैन। (यदि प्रेमको नाउँमा अपराधीलाई छुट दिन्छ भने अपराधीको मनोबल बढ्छ र अपराध गरेको ठीक गरें भनेर झन अपराध गर्न उक्साउँछ)। त्यसकारण सत्य र न्यायसँग प्रेम र दया तथा करुणा मिलेर जानुपर्छ। प्रेम र न्यायलाई संतुलन राख्न टोराह वा परमेश्वरको व्यवस्थाले सिकाउँछ। हितोपदेशको पुस्तकले पनि त्यही धारणालाई सिकाएको पाइन्छ।

**कसैलाई सच्याउनु आवश्यक छ भने हितोपदेश १७:१० र १९:२५ले के भन्छ? “जो मानिस ठीक बेठीक छुट्याएर वा विवेक अनुसार चल्न चाहन्छ त्यसलाई हप्काउँदा त्यसमाथि ठूलो प्रभाव पार्न सक्छ तर मूर्खलाई सय कोर्दा हान्दा पनि उसलाई केही फरक पार्दैन।", “खिल्ली उडाउनेलाई कोर्रा लगाउनु अनि निर्बुद्धि मानिसले बुद्धि सिक्नेछ, विवेकशील मानिसलाई हप्काउनु अनि त्यसले आफ्नो ज्ञान बढाउनेछ"(रुपान्तरित)।**

हितोपदेश १७:९ले गल्तीलाई प्रेमद्वारा छोप्नुपर्छ भनेपछि हितोपदेश १७:१०को बाझिने पद अप्रत्याशित रूपमा कोरेको होइन। प्रेम गर्छ भने सच्याउनु वा अनुशासनमा राख्नु भन्नुको अर्थ प्रेमलाई गरिमा वा उचित स्थानमा राख्नु हो। जब माया गरेर कसैलाई सच्याउँछ वा सुधार्छ भने त्यो सच्याइ वा सुधार अत्यन्त प्रभावकारी हुन्छ।

**खुला पापलाई येशूले कसरी सम्हाल्नुभयो सो यूहन्ना ८:१-११मा यसरी लेखिएको छः**

"जब येशूले त्यस स्त्रीलाई क्षमा गर्नुभयो र उत्तम जीवन जिउन हौशला दिनुभयो तब उहाँको प्रेमद्वारा अतुलनीय तथा सिद्ध धार्मिकताको सुन्दरतालाई चम्काउनुभएको थियो। पाप गर्न येशूले उक्साउनु हुन्न। उहाँले उद्धार गर्न प्रयास गर्नुहुन्छ। सारा संसार र समाजले त्यस स्त्रीको बेइज्जत गरेको थियो उनलाई कठोर दृष्टिले हेरेका थिए। तर येशूले आशा र सान्त्वना वा मनलाई हलुको पार्ने बोली बोल्नुभएको थियो। दुर्वल र कमजोर पापीलाई येशूले सहयोगी हात अगाडि बढाउनुभयो। ढोंगी वा दुईमुखे फरिसी पण्डितहरूले उनलाई दोषी ठहऱ्याइएका थिए। तर येशूले उनलाई यो मिठो बोलीले उनको पापबाट स्वतन्त्र पार्नुभयो "जाऊ, फेरि पाप नगर।"-एलेन जी ह्वाइट, द दिजाएर अभ एजेज, पृ ४६२बाट रूपान्तरित।

## ३ फेरि बोलीचालीको कुरा (हितोपदेश १८)

हितोपदेश १८मा बिभिन्न उपयोगी अर्ती तथा विषय वस्तुहरू प्रस्तुत गरिएका छन्। तर ती सबै विषयबस्तुहरूमा "बोली" वा "शब्द" हामीहरूको तत्काल विषयको चासो हो। हामीले बोल्ने वा नबोल्ने बोलीवचन कतिको महत्त्वपूर्ण छ भने त्यस अध्यायमा उल्लेख गरेको हेर्नुहोस् "१ अमिल्दो मानिस स्वार्थको पछि लाग्छ, त्यसले सबै उचित ठहरको खुला विरोध गर्छ। २ मूर्खले समझदारीमा सन्तुष्टि पाउँदैन, तर आफ्नै विचारहरू पोख्न पाए त्यो प्रसन्न हुन्छ। ३ जब दुष्टता आउँछ, तब अवहेलना पनि आउँछ। शर्मको साथसाथै अपमान पनि आइपर्छ। ४ मानिसको मुखका वचनहरू गहिरा पानीजस्तै हुन्, तर बुद्धिको फोहराचाहिँ बुल्बुले खोला हो। ५ दुष्टको पक्ष लिनु, अथवा निर्दोषलाई न्यायबाट वञ्चित गराउनु राम्रो होइन। ६ मूर्खका ओठले आफैमाथि कलह ल्याउँछन्, र त्यसको मुखले पिटाइ निम्त्याउँछ। ७ मूर्खको मुख नै त्यसको सर्वनाश हो, अनि त्यसका ओठचाहिँ आफ्नै प्राणको पासो हुन्छन्। ८ कुरौटेका वचनहरू स्वादिष्ठ गाँसजस्तै हुन्छन्, ती मानिसको भित्री भागसम्मै पुग्छन्। ९ आफ्नो काम गर्नमा ढिलो गरिरहने व्यक्ति सर्वनाश गर्नेको भाइ जत्तिकै हो। १० परमप्रभुको नाउँ एक बलियो धरहरा हो, धर्मीहरू त्यहाँ दगुर्दै जान्छन् र सुरक्षित हुन्छन्। ११ धनीको

सम्पत्ति नै तिनीहरूको लागि किल्लाबन्दी गरिएको सहर हो, तिनीहरू यसलाई चढ्नै नसकिने पर्खाल ठान्छन्। १२ आफ्नो पतनको अघि मानिसको हृदय घमण्डी हुन्छ, तर आदर आउन अघि नम्रता आउँछ। १३ जसले सुन्न अघि नै जवाफ दिन्छ, त्यो त्यसको मूर्खता र शर्म हो। १४ मानिसको आत्माले त्यसलाई बिरामी अवस्थामा सहारा दिन्छ, तर चूर्ण भएको आत्माको पीडा कसले सहन सक्ला? १५ विवेकीको हृदयले ज्ञान प्राप्त गर्छ, बुद्धिमान्को कानले त्यो खोजी निकाल्छ। १६ उपहारले दाताको निम्ति बाटो खोलिदिन्छ, र त्यसलाई महान् व्यक्तिको उपस्थितिमा पुऱ्याउँछ। १७ दोस्रो व्यक्ति अघि सरेर प्रश्नहरू नगरुञ्जेल, मुद्दा हाल्ने पहिलो व्यक्ति नै ठीक देखा पर्छ। १८ गोला हाल्नाले कलह थामिन्छ र बलिया प्रतिद्वन्द्वीहरू अलग हुन्छन्। १९ किल्लाबन्दी गरिएको सहरलाई वशमा ल्याउनुभन्दा चित्त दुखाएको भाइलाई मनाउनु झन् गाह्रो हो। र कलहहरूचाहिँ आग्लो लाएको किल्लाका ढोकाहरूजस्तै हुन्। २० आफ्नो मुखको फलले मानिसको पेट भरिएको हुन्छ, त्यसका ओठद्वारा हुने फसलले त्यो सन्तुष्ट हुन्छ। २१ जीवन र मृत्युको शक्ति जिब्रोमा हुन्छ, त्यसलाई प्रेम गर्नेहरूले त्यसका फल खानुपर्छ। २२ पत्नी पाउनेले असल कुरा पाउँछ, र त्यसले परमप्रभुबाट निगाहा प्राप्त गर्छ। २३ गरीबले दयाको लागि बिन्तीभाउ गर्छ, तर धनी मानिसले रुखो जवाफ दिन्छ। २४ धेरै साथीहरू भएको मानिसको पनि सर्वनाश हुन सक्छ, तर कुनै-कुनै मित्रचाहिँ दाजुभाइभन्दा नजिक टाँसिन्छ।"

शब्द अर्थात् हामीले बोल्ने बोलीबचनको प्रभावकारिताको बारेमा हितोपदेशको लेखकले फेरि दोहोऱ्याउँछन्। मूर्खहरूले मूर्ख कुरा गर्न तिनीहरूका मुखहरू प्रयोग गर्छन्। पद १३ले त्यो आभास् हामीलाई दिन्छ। हाम्रो बारेमा जे भनिएको छ त्यसलाई नसुनी वा नसोची हतपत जवाफ दिनु अत्यन्त सजिलो छ। जवाफ दिनु भन्दा पहिले वा बोली फुटाउनुभन्दा पहिले हामीले सोच्न सकेको भए हामी आफै र अरूलाई पनि अनावश्यक पिडाहरूबाट कति जोगाउन सक्थ्यौं होला! कतिपटक

त मौन सम्मती लक्षणम् भनेको जस्तै चुपचाप रहनु नै उत्तम ठान्नु पर्छ।

**हितोपदेश १८:४ले बुद्धिमानीका बोलीवचनहरू गहिरो गहिरो खोला जस्तै हुन् भनेर किन भनेको होला?**

गहिरो पानी वा मूहान वा फोहरा भन्ने शब्दचित्रको अर्थ बुद्धिलाई सकारात्मक रूपमा हितोपदेशले प्रयोग गर्दछ (हितोपदेश २०:५)। यसले शान्त धारणाको बारेमा चर्चा गर्छ भने गम्भिर भएर भित्री गहिरो सोचहरूको बारेमा पनि जनाउँछ। बुद्धिमानी मानिसहरू हतपत वा हल्का वा जथाभावी बोल्ने अर्थात् सोच्ने मनस्थितिमा रहँदैन। आफ्नो गहिरो र अथाह अनुभवबाट उसले बोलीहरू निकालेर बोल्छ। स्पष्ट बुद्धि र ज्ञान भएको मानिसका वचनहरूप्रति सराहना नगर्ने को होला?

**हितोपदेश १८:२१ कतिको सारगर्भित छ हेर्नुहोस्: जीवन र मृत्युको शक्ति जिब्रोमा हुन्छ, त्यसलाई प्रेम गर्नेहरूले त्यसका फल खानुपर्छ।"**

हामीले जे थाहा पाउनुपर्छ सो थाहा पाउनुपर्छ भनेर हितोपदेशको पुस्तकले हामीलाई फेरि बताउँछः हामीहरूका शब्द वा बोल्ने बोलीवचनहरू अत्यन्त शक्तिशाली वा सशक्त हुन्छन्। ती बोली वचनहरू खराब वा असलको निम्ति प्रयोग गरिन्छ यतिसम्म की बोलीवचनमा जीवन र मृत्युको घन्टी बजिरहेको हुन्छ रे! त्यस अत्यन्त प्रभावकारी अर्थात् सशक्त औजारलाई हामीले प्रयोग गर्न कस्तो होशियारी अपनाउनुपर्छ, गहिरिएर सोच्नुहोस्।

**कसैको बोलीले तपाईंको हृदयलाई छियाछिया पारेको बेला सोच्नुहोस्। वचन कतिको शक्तिशाली हुन्छ भनेर त्यसले तपाईंलाई कसरी बताउँछ? तपाईंले जे बोल्नुहुन्छ त्यसमा कतिको सतर्क अपनाउनुपर्छ भनेर तपाईंलाई त्यसले कसरी सिकाउँछ?**

## ४. कथा वा कुराको दुई पक्षहरू (हितोपदेश १८:२)

**मूर्खले आफ्नो भनाइ राख्न किन समयको आवश्यकता हुँदैन? हेर्नुहोस्, हितोपदेश १८:२ " मूर्खले समझदारीमा सन्तुष्टि पाउँदैन, तर आफ्नै विचारहरू पोख्न पाए त्यो प्रसन्न हुन्छ।"**

मूर्ख अथवा आफू नै ठिक छु भन्ने मानिसहरू आफ्नो कुरा राख्न यस्तरी आतुरी हुन्छन् कि अरूको कुरा सुन्न चाहन्दा पनि चाहन्दैनन् र अरूबाट सिक्न पनि चाहन्दैनन्। उनीहरूको दिमाग त बन्द भएका हुन्छन् तर मुखचाहिँ बकबक बोल्ने बानी हुन्छ। त्यही कुरो हामीले पनि नदोहोऱ्याउन कति सजक हुनुपर्छ। विशेष गरेर हामी ठीक छौं भनेर विश्वस्त भएतापनि अरू मानिसको बिचारलाई वेवास्ता गरी हाम्रो बिचारलाई मात्र जवर्जस्ती नलाध्न सतर्क हुनुपर्छ।

कतिपय समयमा कुनै विषयवस्तुलाई लिएर हामी नै ठिक छौं भनेर लिँढे ढिपी गर्छौं तर पछि गएर आफू गलत साबित भएको हाम्रो कस्को अनुभव छैन र? त्यसको अर्थ यो पनि होइन कि हामीहरू हामीहरूको दृष्टिकोणमा कमजोर हुनुपर्छ। तर हामी नम्र हुनुपर्छ भन्ने खोजेको हो किनभने हामी सबैसँग साश्वत वा सबै ठीक जवाफ छ भनेर दावी गर्न सक्दैनौं। जब हामीहरूसँग ठीक जवाफ छ भनेर मान्छौं तब हामीमा भएको सत्य हामीले सोचेको भन्दा गहिरो वा बुझ्न सकेको भन्दा विशाल भनेर स्वीकार **गर्नै पर्छ।**

**हितोपदेश १८:१७मा एउटा महत्त्वपूर्ण विषयलाई लिएर हामीहरूको सामु तेर्स्याएको छ, त्यो के हो पढ्नुहोस्ः " दोस्रो व्यक्ति अघि सरेर प्रश्नहरू नगरुञ्जेल, मुद्दा हाल्ने पहिलो व्यक्ति नै ठीक देखा पर्छ।"**

परमेश्वर कस्तो हुनुहुन्छ वा उहाँ को हुनुहुन्छ भनेर थाहा पाउन उहाँ आफू बाहेक अरू कसैको अभिमत वा रायको आवश्यक छैन। किनभने उहाँको स्वभावैले आफू को हुनुहुन्छ भनेर उहाँलाई थाहा छ। उहाँका आँखाहरू सर्वत्र छन् (हितोपदेश १५:३)। सबै थोकको सबै पक्षहरूबाट हेर्न उहाँमात्र सक्षम् हुनुहुन्छ। तर सबै थोकको बारेमा हामीमा अत्यन्त सिमित ज्ञानमात्र हामीलाई थाहा छ।

यदि हामीले ढिपी गरेको कुरा नै ठीक छ भनेर हामीलाई महत्त्वपूर्ण लागेको कुरालाई जबरजस्ती गर्दा, पछि त्यसको बारेमा प्रस्ट हुँदा "ए, हामीलाई सबै कुरा थाहा थिएन।" भनेर स्वीकार गर्नुपर्ने हुन्छ। समग्रमा भन्नु पर्दा हामीलाई जे थाहा छ सो अत्यन्त सिमित भएको हामीले महसूस गर्नै पर्ने हुन्छ।

कुनै पनि कुरा हामी सुन्दा एक पक्षबाट मात्र ठिक छ भनेर हामीले सुन्नुहुन्न। किनभने प्रायजसो त्यसको अर्को पक्ष पनि हुनुपर्छ। कुनै पनि विषयवस्तुको जति धेरै जानकारी हुन्छ त्यतिको हामीले त्यस विषयबस्तु ठिक वा बेठीक भनेर हामी छुट्याउन सक्छौं।

**त्यस्तो कुनै बेलाको कुरा सम्झनुहोस् जब तपाईं ठिक भनेर जिद्दी गर्नुभएको थियो। हुनसक्छ तपाईंले कुनै कुरो विश्वास गर्नुभएको छ जुन तपाईंले जीवनभर परुकडिरहनु भएको छ। तर पछि त्यो विश्वास गलत भएको भनेर थाहा पाउनुभयो। अहिले नै तपाईंले आत्मसात् गरिरहनुभएको कुरा कतिको गलत हुनसक्छ भनेर सजग हुन तपाईंको सोचाइको ढोका खुलाइ राख्न किन जरुरी छ?**

## ५. सत्यवादी हुन् आह्वान (हितोपदेश १९)

आफ्नो राज्य संचालन गर्न एक जना राजाले आफ्नो उच्च सल्लाहकारको निम्ति एक जना मन्त्री चुन्नु परेको थियो। त्यसको लागि उसले फटाहा कुरा गर्न विशेष प्रतियोगिता कार्यक्रमको आयोजना गऱ्यो। त्यस प्रतियोगितामा सब भन्दा ठूलो झुठ कस्ले बोल्छ भन्ने कुरामा थियो। त्यस प्रतियोगितामा सबै मन्त्रीहरूले भाग लिनुपर्थ्यो। अनि प्रत्येक मन्त्रीले आफूले जानेको सबभन्दा ठूलो झुठो बोल्न थाले। तर राजालाई चित्त बुझेको थिएन। तिनीहरूले बोलेको झुठोमा केही न केही कमजोरी भएको उनले महसूस गरे। त्यस प्रतिस्पर्धामा सबैले भाग लिएका थिए तर एक जना उनको अत्यन्त घनिष्ठ र विश्वासिलो सल्लाहकारले भाग लिएनन। अनि राजाले उनलाई सोधे "तिमीले किन भाग नलिएको?"

"हे महाराज, तपाईंको कुरा काटेकोमा मलाई क्षमा दिनुस् किनभने म त्यस प्रतियोगितामा भाग लिन सक्दिन।"

"किन त?" भनेर  राजाले सोधे।

"किनभने मैले जाना जानी कहिल्यै पनि झुठो बोलेको छैन।" उक्त सल्लाहकारले जवाफ दिए।त्यस सल्लाहकारलाई मन्त्रीपदको लागि राजाले चुने।

हामीहरू पापी भएकै कारणले हामीले सोचेको भन्दा झट्ट झुठो बोल्ने बानी सजिलैसँग हुने गरेको पाउँछौं। त्यसैकारणले हामीले बोल्नेबेलामा कस्तो सावधानी अपनाउनु पर्छ सो सोच्नु जरुरी छ।

हितोपदेश १९मा धेरै विषयवस्तुहरू वा नीति वचनहरू दिएका छन्। ती मध्ये झुठो बोल्नु वा अरूलाई छकाउनुको बारेमा के भन्छ केलाएर पढ्नुहोस्ः "१ गरीब भए तापनि कलङ्करहित भई हिँड्नु कुटिल मतिका ओठ भएको मूर्ख हुनुभन्दा उत्तम हो। २ विनाज्ञानको उत्साह असल हुँदैन। हतार गर्नेले बाटो बिराउँछ। ३ मानिसको आफ्नै मूर्खताले त्यसको जीवन नष्ट हुन्छ, तरै पनि त्यसको हृदयले परमप्रभुको विरुद्ध रोष प्रकट गर्छ। ४ धनले धेरै मित्र बनाउँछ, तर गरीब मानिसको मित्रले उसलाई त्याग्छ। ५ झूटो गवाही दिने दण्डविना उम्कनेछैन, र झूटको ओइरो लाउने स्वतन्त्र भएर जान पाउनेछैन। ६ धेरैले शासकको निगाह खोज्छन्, र प्रत्येक जना उपहार दिने व्यक्तिको मित्र हुन्छ। ७ गरीब मानिस आफ्ना सबै आफन्तहरूबाट त्यागिन्छ, त्यसका मित्रहरूले त झन् कत्ति बेसरी त्यसलाई त्याग्लान्! त्यसले बिन्तीभाउ गर्दै तिनीहरूका पछि लागे पनि, तिनीहरू कहीं फेला पर्दैनन्। ८ बुद्धि प्राप्त गर्नेले आफ्नै प्राणलाई प्रेम गर्छ, समझदारीको कदर गर्ने व्यक्तिको फलिफाप हुन्छ। ९ झूटो गवाही दिने दण्डविना उम्कनेछैन, र झूटको ओइरो लाउने मानिस नष्ट हुन्छ। १० मूर्खलाई ऐशआरामसँग जिउनु सुहाउँदैन– कमाराले राजकुमारमाथि हुकुम चलाउनु झन् कत्ति नराम्रो हो! ११ मानिसको बुद्धिले त्यसलाई धैर्य दिन्छ, चित्त दुखाइका कुराप्रति आँखा चिम्लनु त्यसको लागि महिमा हो। १२ राजाको क्रोध सिंहको गर्जनजस्तै हुन्छ, तर तिनको निगाहचाहिँ घाँसमाथिको शीतजस्तै हो। १३ मूर्ख छोरा त्यसका बाबुको लागि सर्वनाश हो, र मुखाले पत्नी नित्य परिरहने तपतपे झरीजस्तै हो। १४ घरहरू र सम्पत्ति आमा-बुबाबाट

आएका हुन्छन्, तर विवेकी पत्नीचाहिँ परमप्रभुबाटै आएकी हो। १५ अल्छीपनले घोर निद्रा ल्याउँछ, अल्छी मानिस भोकै रहन्छ। १६ अर्ती-उपदेश पालन गर्नेले आफ्नो जीवन रक्षा गर्छ, तर आफ्नो चालको बेवास्ता गर्ने मर्नेछ। १७ गरीबप्रति दयालु हुनु परमप्रभुलाई सापट दिनु हो, र त्यसले जे गरेको छ, त्यसको इनाम उहाँले त्यसलाई दिनुहुनेछ। १८ आफ्नो छोरालाई ताड़ना देऊ, किनकि त्यसमा आशा हुन्छ, त्यसको मृत्युमा राजीखुशीले सहभागी नहोऊ १९ गरम मिजास भएको मानिसले सजाय भोग्नैपर्छ, त्यसलाई उम्कन दिइस् भने त्यो फेरि तिमीले गर्नुपर्ने हुनेछ। २० सुझाव सुन्, र अर्ती ग्रहण गर्, र अन्त्यमा तिमी बुद्धिमान् बन्नेछौ। २१ मानिसको हृदयमा धेरै योजनाहरू हुन्छन्, तर परमप्रभुकै उद्देश्य विजयी रहन्छ। २२ मानिसले अचूक प्रेमको चाहना गर्छ, झूटो बोल्नुभन्दा त गरीब हुनु नै बेस हो। २३ परमप्रभुको भयले जीवनतिर डोऱ्याउँछ, तब मानिस ढुक्कसँग बस्नेछ, र दुःखले त्यसलाई छुँदैन। २४ अल्छेले आफ्नो हात थालमा गाड्छ, र त्यसले आफ्नो हात उठाएर मुखमा समेत ल्याउँदैन! २५ खिल्ली उड़ाउनेलाई कोर्रा लगाउनू, अनि निर्बुद्धि मानिसले बुद्धि सिक्नेछ। विवेकशील मानिसलाई हप्काउनू, अनि त्यसले आफ्नो ज्ञान बढ़ाउनेछ। २६ आफ्ना बाबुलाई लुट्ने र आफ्नी आमालाई बाहिर निकाल्ने छोराले शर्म र बेइज्जत ल्याउँदछ। २७ ए मेरो छोरो, अर्ती सुन्न छोड्यौ भने, तिमी ज्ञानका वचनहरूदेखि बहकिनेछौ। २८ भ्रष्ट साक्षीले न्यायको खिल्ली उडाउँछ, र दुष्टको मुखले खराबी स्वात्तै निलिहाल्छ। २९ सजायहरू खिल्ली उठाउनेहरूकै लागि तयार पारिएका हुन्छन्, र चुटाइ मूर्खहरूको पिठ्युँको लागि हो।"

हितोपदेशको पुस्तकमा कडा नीतिहरूलाई उचाल्दछन्। गरिब भएर निम्नस्तरको कर्मचारी भएर बस्नु जाती छ। फटाहा कुरा गरेर प्रोमोशन पाउनुभन्दा बरू ओहोदामा नचढ्नु नै उत्तम छ। इमान त्याग्नुभन्दा केही कुरा गुमाउनु उचित छ (हितोपदेश १९:१)। ठग्नु भन्दा हार्नु जाती छ (हितोपदेश १९:२२)।

हितोपदेश १९:९मा गवाही दिनेको जिम्मेवारी के छ कसरी उल्लेख गरिएको छ? हेर्नुहोस् "झूटो गवाही दिने दण्डविना उम्कनेछैन, र झूटको ओइरो लाउने मानिस नष्ट हुन्छ।"

फटाहा कुरा गर्नु त आफै नराम्रो छ। तर शपथ खाएर न्यायधिसको अगाडि झुठो बोल्नु त झन नराम्रो छ। कतिपय देशहरूमा सपथ खाएर झुठो बोल्नु त अत्यन्त गम्भीर अपराध नै मानिन्छ। साझी बक्नेले आफूले देखेका सत्यतथ्य बोल्नुपर्छ। यो रोचक छ कि त्यस पदको लगत्तै अर्को पद छ जसमा लेखिएको छ उपहार वा घुस दिने लिने मानिस दिनेको साथी हुन्छ (हितोपदेश १९:६)। फेरि अर्को पद हितोपदेश १९:७मा भनिएको छ गरिबलाई उसको साथी र दाजुभाइहरूले हेप्दछन्। साझी बक्ने मानिस घुसको आधारमा र साझी बक्नुपर्ने मानिसको उच्च ओहोदाको प्रभावमा परेर साझी बक्नु हुँदैन। जस्को साक्षी दिन्छ त्यो मानिस धनी होस् वा निर्धन होस् उसले सत्य कुरा बोल्नु नै पर्छ।

उपरोक्त मामिलामा व्यवस्था २४:१०-२२मा महत्त्वपूर्ण नीति उल्लेख गरिएको छ। त्यो नियम हामीहरूले आफ्नै निम्ति कसरी पालन गर्नुपर्छ वा आवश्यक भएको मानिसहरूसँग काम गर्दा कसरी कार्यान्वन गर्नुपर्छ? हेर्नुहोस्: "१० आफ्नो छिमेकीलाई कुनै किसिमको ऋण दिँदा त्यसको धरौटी लिन तिमीहरू घरभित्र नपस। ११ तिमीहरू बाहिरै पर्ख, र असामीले नै धरौटी तिमीहरूकहाँ बाहिर ल्याइदिओस्। १२ त्यो मानिस गरीब छ भने त्यसको बन्धक राखेर तिमीहरू नसुत। १३ सूर्यास्तसम्ममा तिमीहरूले त्यो बन्धक फर्काइदिनू, र त्यो आफ्नो ओढ्नेमा सुतेर त्यसले तिमीहरूलाई आशीर्वाद दिओस्। अनि परमप्रभु तिमीहरूका परमेश्‍वरको नजरमा यो तिमीहरूका निम्ति धार्मिकता ठहरिनेछ। १४ तिमीहरूको इस्राएली भाइ होस् वा तिमीहरूका सहरहरूमध्ये कुनै एकमा आई बसेको परदेशी होस्, कुनै गरीब र दरिद्र ज्यालादारी नोकरबाट नाजायज फाइदा नउठाओ। १५ सूर्यास्तअघि नै प्रतिदिन त्यसको ज्याला दिइहाल्नू, किनकि त्यो एक गरीब हो र त्यो आफ्नो ज्यालामा नै भर परेको हुन्छ। नत्रता त्यसले तिमीहरूका विरुद्धमा परमप्रभुलाई पुकार्‍यो भने, तिमीहरूलाई पाप लाग्नेछ। १६

बाबुहरूलाई छोराछोरीहरूका निम्ति र छोराछोरीहरूलाई बाबुहरूका निम्ति नमार्नू। हरेक मानिस आफ्नै अपराधको लागि मरोस्।१७ परदेशी र टुहुरा-टुहुरीको न्याय दमन नगर। कुनै विधवाको ओढ्ने धितोमा नलेओ। १८ तिमीहरू मिश्रमा कमारा हुँदा परमप्रभु परमेश्वरले तिमीहरूलाई मुक्त गर्नुभएको कुरो सम्झना राख। यसकारणले मैले तिमीहरूलाई यसो गर्ने आज्ञा दिएको हुँ। १९ खेतमा बालीको कटनी गर्दा एक बिटा बिर्स्यौ भने, त्यो लिन फर्केर नजाओ। परदेशी, टुहुरा-टुहुरी र विधवाका निम्ति त्यो छोड़िदेऊ, ताकि परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका हातका सबै काममा तिमीहरूलाई आशिष् दिऊन्। २० भद्राक्षको रूखलाई टाँगोले हिर्काई त्यसका फल झारेपछि फेरि दोस्रो पल्ट हाँगाबाट फल नझार्नू। परदेशी, टुहुराटुहुरी र विधवाका निम्ति ती उब्रेका चाहिँ छोड़िदिनू। २१ आफ्नो दाखबारीका दाख टिप्दा दोस्रो चोटि सोहोरसाहर नपार्नू। परदेशी, टुहुरा-टुहुरी र विधवाका निम्ति ती उब्रेका छोड़िदिनू। २२ मिश्रमा तिमीहरू कमारा भएका कुरा सम्झना राख। यही कारणले मैले तिमीहरूलाई यसो गर्ने आज्ञा दिएको हुँ।"

## उपसंहारः

"कानेखुशी गर्ने, अरुको बारेमा हल्ला फैलाउने, अरूको बारेमा चरित्रलाई आघात पुऱ्याउने गरेर चाहिँदो नचाहिँदो गफ गर्ने र झुठो बोलेर वा कुनियतले अरूलाई फसाउन खोज्ने प्रवृत्ति भनेको शैतानको औजार हो। यी विशेष औजारले एक आपसमा मतभिन्नता, कचकच, साथीसाथीको बीचमा फाटो ल्याउँछ र साथै कतिपय इसाईहरूको विश्वासलाई नै सत्यानाश गराउँछ। अरूमा भएका भुल र दोषहरूको बारेमा चर्चा गर्न हामीहरूका विश्वासी भाइबहिनी तथा दाजुदिदीहरू कति आतुरी छन्।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ४, पृ. १९५बाट रूपान्तरित।

"ती गुनासो गर्नेका सन्तानहरूले कानलाई ठूला ठूला पारेर सुन्छन् र अरूको बारेमा विषादी शब्दहरू दिमागमा भित्र्याउँछन्। जब आमाबाबुहरूले चर्चका विश्वासीहरूको बारेमा विषादी चर्चा गर्छन् तब छोराछोरीहरूका हृदयहरू आँखा चिम्लेर बन्द गरिरहेका हुन्छन्।

कतिपय आमाबाबुहरूले आफ्नो दैनिक भोजन गर्ने बेलामा अरूप्रति शङ्का र प्रश्नहरूलाई पनि मिसाएर खान खोज्छन्। तिनीहरूले आफ्ना विश्वासी मित्रहरूका चरित्रलाई बिश्लेषण गर्छन् र चर्चा गर्छन् अनि त्यसलाई खाना खाएपछि मिठाइ खाने चलनमा स्वादिलो मानेर खान्छन्। अरूको बारेमा अलि अलि नकारात्मक वा झुठो कुराहरू आमाबाबु र तिनीहरूका छोराछोरीहरूले आआफ्ना थालमा पस्कन्छन्। यस्तो संस्कारले परमेश्वरको अपमान हुन्छ। प्रभु येशूले भन्नुभयोः "मेरा कुनै भाऊ नभएका वा साना भन्दा साना भाइबहिनीहरूलाई जे गर्छौं सो तिमीहरूले मलाई नै गरिरहेका छौ।"(मत्ती २५:४० रूपान्तरित)। तसर्थ, जब कसैले उहाँका सेवकहरूको बारेमा अनावश्यक र झुठो हल्ला फिजाउँछन् तब तिनीहरूले ख्रीष्टलाई दुर्व्यवहार गरिरहेको जनाउँछन्।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ४, पृ. १९५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. हामीहरूले माया गर्ने र हेरचाहा गर्नेहरूले जब केही भुल गर्छन् तब त्यसले हामीहरूको मनमा सधैं आघात पुऱ्याउँछन्। अनि तिनीहरूलाई माया गरेकै कारणले पनि ती भुलहरू ढाकछोप गर्न खोज्छौं। भुल गरेकोमा आँखा चिम्लने बानी र त्यसलाई सच्च्याउने नीतिको बीचमा कसरी संतुलन राख्ने? परमेश्वरले हामीहरूलाई अनुग्रह र सदाशयता देखाउनुभएको कारणले भुल गर्नेहरूलाई पनि त्यही नीति अपनाउनुपर्छ भन्नेमा दुईमत त छैन। तर अनुग्रह र सदाशयताको नाउँमा के सधैं मानिसको विवेकलाई दवाएर जे पायो त्यही गर्न दिने वा गल्तीको परिणामको सामना गर्न नदिने? त्यस्तो परिस्थितिमा कुन् ठीक प्रक्रिया अपनाउनुपर्छ?

आ. जीवनका कतिकुराहरू हामीले बुझ्न सकेका छैनौं भनेर यस अध्यायमा हामीले हेऱ्यौं। त्यसकारण हामीहरूले गर्ने मूर्ख निर्णय र अनावश्यक तर्कलाई नअङ्ालि हामीहरूको दिमागलाई कसरी फराकिलो गरेर राख्ने?